बझाङ जिल्ला अदालतबाट जारी भएको

## लिलाम बढाबढको सुचना

बिगो दा.नं.३/१

वादी कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा.नं. ३ बस्ने विरेन्द्र बहादुर सिहँ र प्रतिवादी जिल्ला बझाङ्ग बुंगल नगरपालिका वडा नं.४ बस्ने अम्मर बहादुर कामी भएको चेक अनादर विगो मुद्दामा कैलाली जिल्ला अदालतको मिति २०७९।०१।०८ को फैसला बमोजिम वादीले प्रतिवादीबाट भरिपाउने ठहरेको बिगो रु. १२,१०,०००।-बाह्र लाख दश हजार र सो चेक बैंकबाट अनादर भएको मिति देखि विगो भरी भराउ हुदा सम्मको वार्षिक दश प्रतिशत हुन आउने ब्याज वादीले प्रतिवादीबाट भरी पाउने ठहरी भएका फैसला बमोजिम मिति २०७८।०८।०५ देखि मिति २०८० असोज ७ गते सम्म हुन आउने ब्याज रु. २,२२,५००।- समेत गरी जम्मा रु.१४,३२,५००।-(चौध लाख बत्तिस हजार पाच सय)बाफतको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरिपाउने बिगो तपसिल बमोजिमको सम्पतिबाट भराइ पाँउ भनी वादीको निवेदन परी कारबाही भइ प्रतिवादीको उक्त सम्पति मिति २०८०।०६।०७ गते यस अदालतमा डाँक लिलाम हुने भएकाले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जनकारीको निमित्त यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८०।०६।०७ गते दिनको ११:००बजेदेखि ४:०० बजेसम्म डाँक लिलाम हुने भएकाले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ ।

२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ ।

३. कायम भएको न्युनतम पञ्चकृति मुल्यबाट डाँक बढाबढ गर्नु पर्नेछ ।

४. डाँक लिलामको बखत बोलकबोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नु पर्नेछ । बाँकि बोलकबोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नु पर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सुचना प्रकाशन गरिनेछ ।

५. डाँक लिलाम बढाबढ हुँदा बढि अङ्क बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ ।

६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला ।

७. डाँक लिलाम हुने सम्पतिको विवरण

| सि.नं. | जग्गाधनीको नामथर | गाँउपालिका/ नगरपालिका | वडा नं. | कि.नं. | क्षेत्रफल | डाँक बोल्नुपर्ने न्युनतम अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | हेमराज कामी | साबिक पिपलकोट गा. वि.स. | २ | २०२ | ०२५१० | ३,१३,४२०।- | पा.सि. |
| २ | ऐ | ऐ | ऐ | २०३ | ०४५२० | ५,६४,४१०।- | पा.सि. |
| ३ | ऐ | ऐ | ऐ | ५२२ | ०३३९५ | ५,५२,३२०।- | खे.चा. |
| | | | | | जम्मा | १४,३०,१५०।- (चौध लाख तिस हजार एक सय पचास) | |

नरेन्द्र कुमार शर्मा.

तहसिल्दार(शा.अ.)

इति सम्बत् २०८० साल श्रावण २९ गते रोज २ शुभम्-------------------------------------------